नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय

# कोष तथा लेखा नियन्त्रक कार्यालय

बबरमहल, काठमाडौं

प.सं. :- २०७७।०७८
च.नं. :-५६६

मिति :- २०७८।०३।१५

विषय: <u>भुक्तानी निकासा सम्बन्धमा ।</u>

श्री यस कार्यालयबाट भुक्तानी/ निकासा हुने सबै कार्यालयहरु

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा निम्न बमोजिमको व्यवस्था रहेको छ;

(१) कार्यालयले विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको शीर्षकको रकम बाहेक भुक्तानी दिनु पर्ने अन्य रकम *आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्नेछ* ।

(२) उक्त अवधि समाप्त भएपछि कार्यालयलाई *कार्यक्रम संशोधन भई थप बजेट प्राप्त भएमा, खर्चको स्रोत परिवर्तन भएमा* वा *अति आवश्यक काम परी खर्च गर्नु परेमा* त्यस्तो खर्च पुष्ट्याई गर्ने बिल, भरपाई, बजेट थप भएको प्रमाण र अन्य कागजातसहित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गरी भुक्तानी निकासा माग गर्न सकिनेछ । त्यसरी भुक्तानी निकासा माग भई आएमा कोष तथा लेखा नियन्त्रक कार्यालयले प्राप्त बिल, भरपाई र सोसाथ संलग्न कागजात परीक्षण गर्दा भुक्तानी निकासा दिन आवश्यक देखेमा सम्बन्धित व्यक्ति वा फर्मको नाममा भुक्तानी निकासा दिनु पर्नेछ ।

तर कोष तथा लेखा नियन्त्रक कार्यालयले बिल, भरपाई र संलग्न अन्य कागजात परीक्षण गर्दा भुक्तानी निकासा दिन नमिल्ने देखेमा सो कुरा जनाई भुक्तानी आदेश सम्बन्धित कार्यालयमा फिर्ता पठाउनु पर्नेछ ।

(३) उपनियम २ मा जुनसुकै कुरा लेखिएको भए तापनि *हिसाब मिलान गर्ने* तथा खर्च लेखी *राजस्व खातामा रकम जम्मा गर्ने* प्रयोजनमा बाहेक *आर्थिक वर्षको अन्तिम दिन भुक्तानी निकासा दिइने छैन* ।

उपरोक्त बमोजिमको कानूनी व्यवस्था भएकोले चालु आर्थिक बर्षको भुक्तानी निकासाका लागि यहि मिति *२०७८।०३।२४ गते सम्ममा भुक्तानी आदेशहरु यस कार्यालयमा पठाइसक्नु हुन* अनुरोध छ ।उक्त अवधि पछि कानूनमा तोकिए देखि बाहेक भुक्तानी निकासा नहुने व्यहोरा समेत अनुरोध छ ।

२०७८।०३।१५

गोकुल बाँस्तोला
प्रमुख कोष नियन्त्रक